# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ६ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी यो आधार र मापदण्ड बनाई लागू गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

यस आधार र मापदण्डको नाम “भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७” रहेको छ। यो आधार र मापदण्ड आयोगबाट स्वीकृत भएको मिति २०७७/०८/११ गते देखि लागू हुनेछ।

२. <u>परिभाषा:</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधार र मापदण्डमा,

(क) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि कम्तिमा दश वर्ष देखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका भूमि सम्बन्धी ऐन २०२१, को दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ।

(ख) "ऐन" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ लाई सम्झनु पर्दछ।

(ग) “नियमहरु" भन्नाले भूमि सम्बन्धी नियमहरु, २०२१ लाई सम्झनु पर्दछ ।

(घ) "परिवार" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नि, बाबु, आमा र छोराछोरी सम्झनु पर्दछ । तर सो शब्दले कानून बमोजिम अंशवण्डा गरी मानो छुट्टिई आ आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) "भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउछ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ।

३. **<u>प्रक्रिया</u>** : (१) स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण यस आधार र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ अनुसार गर्नु पर्नेछ।

४. **<u>भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरु:</u>**

(१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरण गरी जिल्ला समिति समक्ष पेश गर्नु पर्नेछ। जिल्ला समिति गठन नभएको अवस्थामा स्थानीय तहले आयोग समक्ष पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित स्थानीय तहमा बसोबास वा आवाद कमोत गरी आएको व्यक्ति,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहितको निवेदन,

(घ) निवेदन वा प्रश्नावलीको ढाँचा अनुरुप भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वयं घोषणा,

(ङ) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वयं घोषणा,

(च) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

(छ) जग्गाधनी पूर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यलयको पत्र,

(ज) वडा अध्यक्ष सहित वडाका जनप्रतिनिधि समेतको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमबाट भूमिहीन सुकुम्बासी हो भनी एकीन गरिएको प्रतिवेदन।

(झ) सम्बन्धित स्थानीय तहको वडा समितिको वैठकबाट निज भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय।

(ञ) स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानवीन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्वन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तहस्तरीय सहजीकरण समितिको सिफारिस वा निर्णय ।

(२) देहायका आधारमा जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गरि आयोग समक्ष सिफारिस गर्नुपर्नेछ।

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावली सहितको तोकिएको ढाँचा अनुसारको प्रतिवेदन,

(ख) जिल्ला समितिले स्थानीय तहबाट प्राप्त गरेको प्रमाणीकरण सहितको विवरणको पुनरपुष्टिका लागि कम्तिमा ७ दिने सार्वजनिक सूचना जारी गरी निज वा निजको परिवारको स्वामित्वमा जग्गा भएको भनी प्राप्त उजुरीका सम्बन्धमा जिल्ला समितिको छानवीन प्रतिवदेन वा सम्बन्धित मालपोत कार्यालयले निज वा निजको परिवारको स्वामित्वमा जिल्ला भित्र जग्गा छैन भनी लेखेको पत्र,

(ग) खण्ड (ख) बमोजिम जग्गाको विषय बाहेक अन्य विषयमा उजुरी प्राप्त भए सो सम्बन्धमा जिल्ला समितिले गरेको छानवीन प्रतिवेदन।

(३) देहायका आधारमा भूमि सम्बन्धी समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको विवरण प्रमाणीत गर्नेछ।

(क) जिल्ला समितिको सिफारिस,

(ख) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरणको निर्णय,

(ग) खण्ड (क) वा (ख) का सम्बन्धमा कुनै उजुरी प्राप्त हुन आएमा सोको सम्बन्धमा आयोगले गरेको छानवीन प्रतिवेदन,

(घ) आयोगले तोकेका अन्य कुरा।

५. <u>अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्ड:</u> (१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले अव्यवस्थित बसोबासी हो भनी पहिचान र प्रमाणीकरण गरी जिल्ला

समिति समक्ष पेश गर्नु पर्नेछ। जिल्ला समिति गठन नभएको अवस्थामा स्थानीय तहले आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सम्बन्धी कार्यविधि, २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहितको निवेदन,

(ग) नेपाल राज्यभरमा आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि,

(घ) नेपाल सरकारद्वारा बसोबास गर्ने उद्देश्यले स्थापित संस्थाको जग्गामा बसोबास गरेको वा आवाद कमोत गरेको अव्यवस्थित बसोबासी भए सम्बन्धित सस्थाले सो जग्गा दिन सहमति गरेको निर्णय,

(ङ) भूमि समन्धी ऐन, २०२१ को आठौ संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आवाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस,

(च) अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

(छ) वडा अध्यक्ष समेत वडाका प्रतिनिधिको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजनिक सुनुवाईबाट अव्यवस्थित बसोबासी हो भनी गरेको सिफारिस ।

(ज) वडा समितिको वैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस,

(झ) स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानवीन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तहस्तरीय सहजिकरण समितिको सिफारिस निर्णय।

(२) देहायका आधारमा जिल्ला समितिले अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गरि आयोग समक्ष सिफारिस गर्नुपर्नेछ ।

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावली सहितको तोकिएको ढाँचा अनुसारको प्रतिवेदन,

(ख) अव्यवस्थित बसोबासीले आवाद कमोत गरी आएको जग्गा सरकारी अभिलेखमा वन जनिएको भएतापनि हाल वन नरही आवादीमा रहेको भनी सम्बन्धित स्थानीय तहको कार्यापालिकाको निर्णय,

(ग) ऐनको दफा ५२ख. (४) बमोजिम नकारात्मक सूची भित्रको जग्गा होईन भनी प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले गरेको निर्णय,

(घ) स्थानीय तहबाट प्राप्त भएको सिफारिस सहितको विवरणको प्रमाणीकरणको पुनरपुष्टिका लागि कम्तिमा ७ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा जिल्ला समितिले गरेको छानवीन प्रतिवेदन,

(ङ) खण्ड (ग) बमोजिम कुनै उजुरी प्राप्त भए वा आयोगले आवश्यक ठानेमा विगत दश वर्ष देखि आवाद कमोत गरी घर टहरा बनाई बसेको देखिने image फोटो।

(३) देहायका आधारमा भूमि सम्बन्धी समस्या समाधान आयोगले अव्यवस्थित बसोबासी पहिचान गरि प्रमाणित गर्नेछ।

(क) जिल्ला समितिको सिफारिस सहितको निर्णय।

(ख) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको सिफारिस सहितको निर्णय,

(ग) खण्ड (क) वा (ख) का सम्बन्धमा कुनै उजुरी प्राप्त हुन आएमा सोको सम्बन्धमा आयोगले गरेको छानवीन प्रतिवेदन।

६. **<u>परिवार र अंशवण्डा सम्बन्धी व्यवस्था:</u>** (१) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा ऐन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा अगाडी नै मानो छुट्टिई घर र भान्सा समेत छुट्टै प्रयोग गरि आएको परिवारलाई मात्र छुट्टै परिवार मान्न सकिनेछ।

(२) अव्यवस्थित बसोबासीको हकमा ऐन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा अगाडी नै कानून बमोजिम अंशवण्डा भैसकेको परिवारलाई मान्न सकिनेछ।

७. **<u>कार्यविधिमा परिमार्जन तथा संशोधन:</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा आयोगले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

(२) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।